कालीगण्डकी गाउँपालिका,स्याङ्जा

गाउँ कार्यपालिकाको बैठक नं. १२

(मिति २०८२ चैत्र २४)

गाउँ कार्यपालिकामा प्रस्तावको रुपमा पेश हुन आएका निम्न विषयहरुमा गाउँपालिकाका श्रद्धेय कार्यवाहक अध्यक्ष श्री सावित्रा कोईराला ज्यूको अध्यक्षता तथा देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल भै सर्वसम्मतिमा देहायमै उल्लेख भए बमोजिम निर्णयहरु गरिएको छ।

| दस्तखत | पदाधिकारी | गाउँपालिका/वडा नं | नाम,थर |
|---|---|---|---|
| | कार्यवाहक अध्यक्ष | गाउँपालिका | श्री सावित्रा कोईराला |
| | वडा अध्यक्ष | १ नं. | श्री कृष्ण बहादुर लामिछाने |
| | वडा अध्यक्ष | २ नं. | श्री खगिसरा आले |
| | वडा अध्यक्ष | ३ नं. | श्री देवेन्द्र कुमार थापा |
| | वडा अध्यक्ष | ४ नं. | श्री यादव प्रसाद पाण्डेय |
| | वडा अध्यक्ष | ५ नं. | श्री रुक बहादुर थापा |
| | वडा अध्यक्ष | ६ नं. | श्री सुन्दर प्रसाद अधिकारी |
| | वडा अध्यक्ष | ७ नं. | श्री उम प्रसाद भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री हुमा देवी सार्की |
| | कार्यपालिका सदस्य | | श्री टिकीसरा भट्टराई |
| | कार्यपालिका सदस्य | | श्री दिपा सिंजाली |
| | कार्यपालिका सदस्य | | श्री रुपमाया राना |
| | कार्यपालिका सदस्य | | श्री लोक बहादुर सुनार |
| | कार्यपालिका सदस्य | | श्री प्रेम सिंह बोटे |
| | प्रमुख प्रशासकीय अधिकृत | गाउँपालिका | भेषराज आचार्य |
| | प्रशासकिय अधिककृत | गाउँपालिका | टीका कुमारी क्षेत्री |
| | | | |
| | | | |

CamScanner

मिति:२०८२।१२।२४

प्रस्तावहरुः

प्रस्ताव नं.१.कालीगण्डकी गाउपालिका भित्र कृषि हाँट बजार राख्ने स्थान तोक्ने सम्वन्धमा,

प्रस्ताव नं.२. कोल्ड स्टोर (चिस्यान केन्द्र) वारे छलफल सम्वन्धमा

प्रस्ताव नं.३.खानेपानी समूह, उपभोक्ता समिति दर्ता तथा नविकरण सम्वन्धमा,

प्रस्ताव नं.४.खरको छाना विस्तापित कार्यक्रम अन्तर्गत रकम भुक्तानी सम्वन्धमा,

प्रस्ताव नं.५.निर्माण कम्पनी नवीकरण सम्वन्धमा,

प्रस्ताव नं.६.हाम्रो खुसी पाठ्यक्रम प्रारुप-२०८२ (१-८) स्वीकृत सम्वन्धमा,

प्रस्ताव नं.७.मकैको आटो र वेसारको प्याकेजिङ, ब्राण्डिङ तथा वजारीकरणको लागि कृषि उद्यमी महिला सहकारी संस्था लि.कालीगण्डकीको साना उद्योग संचालन कार्यक्रम लाई अनुमोदन सम्वन्धमा,

प्रस्ताव नं.८. निर्माणधीन कालीगण्डकी आधारभूत अस्पतालको म्याद थप सम्वन्धमा

प्रस्ताव नं.९. वेल लिफ्टिङ खानेपानीको मूल थप गरी टंकी निर्माण गर्ने सम्वन्धमा.

प्रस्ताव नं.१०. आर्थिक सहायता सम्वन्धमा,

प्रस्ताव नं.११. विविध

Sitra

कालीगण्डकी गाउँपालिका

**गाउँकार्यपालिकाको कार्यालय**

विर्घा स्याङ्जा

मिति २०८२/१२/२४

गाउँकार्यपालिकाको १३ औं बैठकका निर्णयहरु

निर्णय नं. १ प्रस्ताव नं १ मा छलफल गर्दा कालीगण्डकी गाउँपालिका वडा नं ७ इटाली चोकमा रहेको कृषि उपज संकल केन्द्रमा हाट बजार सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. २ प्रस्ताव नं. २ मा छलफल गर्दा कालीगण्डकी गाउँपालिका वडा नं ४ करेन्डाँडामा कोल्ड स्टोर (Cold Store) सञ्चालन गर्न आवश्यक पूर्वाधार निर्माणका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयमा बजेट माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ प्रस्ताव नं. ३ मा छलफल गर्दा तपसिल बमोजिमका उपभोक्ता समिति संस्थाको दर्ता तथा नविकरण गर्ने निर्णय गरियो ।

| क्र.स. | समितिको नाम | ठेगाना | नविकरण/दर्ता |
|---|---|---|---|
| १ | सिमलबगर कोट खा.पा.लि आयोजना तथा सरसफाई उ.स | वडा नं ४ | नविकरण |
| २ | मौला खानेपानी तथा सरसफाई उपभोक्ता समिति | वडा नं. ४ | नविकरण |
| ३ | ठूलो खोला जरुवा लिफ्टिङ खानेपानी तथा सरसफाई उपभोक्ता समिति | वडा नं. ३ | दर्ता |

निर्णय नं. ४ प्रस्ताव नं ४ मा छलफल गर्दा तपसिल बमोजिमका नागरिकहरुको खरको छानो विस्थापनको लागि बजेट शीर्षक असहाय नागरिकहरुको लागि आवास निर्माण बउशिनं ३१११ बाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

| क्र.स. | नाम थर | ठेगाना | रकम |
|---|---|---|---|
| १ | मन बहादुर घर्ती | वडा नं ४ | ५० हजार |
| २ | घना घर्ती | वडा नं. ४ | ५० हजार |
| ३ | जोगलाल पाण्डे | वडा नं. ३ | ५० हजार |

CamScanner

निर्णय नं. ५ प्रस्ताव नं ५ मा छलफल गर्दा कारीकोट निर्माण सेवा प्रा.लिको घ वर्गको निर्माण व्यवसाय प्रमाणपत्रको दर्ता भएदेखि हालसम्म नविकरण नगरेको हुँदा वक्यौता असुल गरी चालु आर्थिक वर्षको लागि नविकरण गर्ने निर्णय गरियो ।

निर्णय नं. ६ प्रस्ताव नं. ६ मा छलफल गर्दा कालीगण्डकी गाउँपालिकाका कक्षा १ देखि ८ सम्म सञ्चालन हुने विद्यालयहरुमा हाम्रो खुशी पाठ्यक्रम प्रारुप — २०८२ (१ - ८) लागू गर्नको लागि स्वीकृत दिने निर्णय गरियो ।

निर्णय नं. ७ प्रस्ताव नं. ७ मा छलफल गर्दा मकैको आटो र बेसारको प्याकेजिङ, ब्राण्डिङ् र बजारिकरणको लागि कृषि उद्यमी महिला सहकारी संस्था लि.लाई कालीगण्डकी साना उद्योग सञ्चालन कार्यक्रममा समावेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ प्रस्ताव नं. ८ मा छलफल गर्दा कालीगण्डकी अस्पताल निर्माण कार्यको (KLGD/W/NCB/HP/06/78/79) कार्यसम्पन्न मिति २०८३/०६/३१ गते सम्मको लागि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ९ प्रस्ताव नं. ९ मा छलफल गर्दा वडा नं ३ स्थिति बेल लिफ्टिङ खानेपानी आयोजनालाई बजेट शीर्षक सडक, भवन, विद्युत, उर्जा, सिँचाई कुलो आदिको मर्मत तथा सम्भार बउसिनं ३११५१ बाट रकम रु २ लाख ४० हजार विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नं. १० मा छलफल गर्दा तपसिल बमोजिमका नगारिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्रस | नाम थर, ठेगना | रकम | बजेट शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | डिल बहादुर थापा, वडा नं. ४ | १५ हजार | आर्थिक सहायता (२७१११) | औषधी उपचार |
| २ | राविया वि.क., वडा नं. ६ | १५ हजार | आर्थिक सहायता (२७१११) | औषधी उपचार |
| ३ | प्रमकला थापा, वडा नं. २ | १५ हजार | विपद व्यवस्थापन (२७१११) | जलेको गोठको पुननिर्माण |

निर्णय नं. ११ प्रस्ताव नं. ११ मा छलफल गर्दा कालीगण्डकी गाउँपालिका वडा नं. ६ स्थित छाद दब्छे झाङ्गेदेउरली सडक खण्ड अन्तर्गत टीकाराम दर्लामी र धन वहादुर सारु को घर भत्काइ स्थान्तरणको लागि वजेट शीर्षक सडक, भवन, विद्युत, उर्जा, सिँचाई कुलो आदिको मर्मत तथा सम्भार वउसिनं ३११५१ वाट रकम रु ३३ हजार विनियोजन गर्ने निर्णय गरियो ।

CamScanner